सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.c
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।०९।१६ गते। |
|---|---|---|

श्री गृह मन्त्रालय।
राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC)सिंहदरबार,काठमाण्डौ ।

## बिषय-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) हरुको मिति २०८०।०९।१६ गते बिहान ०७;०० बजे देखि मिति २०८०।०९।१६ गतेको बेलुकी १७;०० सम्मको दैनिक विपद् संग सम्वन्धि घटना-विवरण निम्नानुसार रहेको व्यहोरा सादर अनुरोध गरिन्छ।

- **आगलागी**
  - **जिल्ला अछाम**

मिति २०८०/०९/१६ गतेको बिहान ०६:०० बजेको समयमा जिल्ला अछाम साफेबगर नगर पालिका वडा नं. १४ पातलकोट बस्ने चक्र बहादुर आउजीको ३ तले ६ कोठे ढुंगा माटोले बनेको कच्ची घरको भान्सामा बालेको आगोबाट घरमा आगलागी हुदां घरको गोठमा बांधेका १ गाई र २ बाखा निस्सासिएर मृत्यु भएको, मानबिय क्षती केही नभएको, आगो नियन्त्रण आईसकेको भनी ऐ.१३:५५ बजेको समयमा प्र.चौ.चौखुट्टे अछाममा जानकारी गराएकोले उक्त स्थान तर्फ प्र.चौ.चौखुट्टेबाट प्र.ह.मान बहादुर डांगाको कमाण्डमा-२ जनाको टोली खटि गएको ।

- **आगलागी** ।
  - **जिल्ला दार्चुला** ।

मिति २०८०।०९।१६ गते १२:०० बजेको समयमा जिल्ला दार्चुला नौगाड गा.पा. वडा नं.६धुलिगडा मझगाँउ बस्ने जयसिंह धामीको ढुङ्गा माटोले बनेको पत्थरले छाएको २ तले ६कोठे घरमा बिजुलिको तार सट भई आगलागी हुँदा घर भित्र रहेका खाद्यान्न, लत्ताकपडा जली नष्ट भएको, अन्य मानविय चौपाया क्षती नभएको, उक्त आगो ऐ. १३:०० बजे स्थानियको सहयोगमा पुर्ण रुपमा नियन्त्रणमा आएको भनी ऐ. वडाका वडाध्यक्ष राजेन्द्र सिंह बोहराले ऐ.१५:१५ बजे टे.फो. मार्फत चौकीमा जानकारी गराउना साथ प्र.चौ. होपरीगाड बाट प्र.स.नि. डम्मर राज जोशीको कमाण्डमा-२ जनाको टोली खटिई गएको ।